नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं : ४२००१६८

## प्रेस विज्ञप्ति

मिति २०८२ माघ ८ गते बिहीबारका दिन राति बाल सुधार गृह, भक्तपुरमा रहेका बालकहरुबीच विवाद भई एक आपसमा झडप, तोडफोड र भवनमा आगजानी समेत भएको सन्दर्भमा उक्त बाल सुधार गृहको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीद्वारा सम्झाई बुझाई गर्दा समेत स्थिति नियन्त्रणमा नआएको बरू सुरक्षाकर्मीलाई समेत ढुङ्गामुढा गरी आक्रमण भएकोमा स्थानीय प्रशासनबाट सुरक्षाबल प्रयोग गरी स्थिति नियन्त्रणमा लिएको एवम् बारूणयन्त्रद्वारा आगलागी नियन्त्रणमा लिएको र घाईते बालकहरुलाई उपचारको लागि अस्पताल लगिएको।

उक्त घटनाका सम्बन्धमा छलफल गर्न आज मिति २०८२ माघ ९ गते माननीय गृह मन्त्रीको कार्यकक्षमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री, दुवै मन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक, कारागार विभाग प्रमुख लगायत अन्य उच्च पदस्थ सरकारी कर्मचारीहरुको उपस्थितिमा गहन छलफल भई उक्त बाल सुधार गृहमा रहेका १७० जना बालबालिकाहरुको हाल सुरक्षित रूपमा व्यवस्थापन गर्ने एवम् नुवाकोटमा स्थापना हुने बाल सुधार गृहको पूर्व तयारी कार्य छिटो प्रक्रियाबाट तत्काल सम्पन्न गरी सञ्चालनमा ल्याउने विषयमा छलफल भएको छ।

उल्लिखित घटनाको व्यवस्थापन गर्न आवश्यक सहयोग र समन्वय गर्नहुने प्र.जि.अ. भक्तपुर, नेपाल प्रहरी प्रमुख भक्तपुर, सशस्त्र प्रहरी बल प्रमुख भक्तपुर लगायत सुरक्षाकर्मीहरुलाई हार्दिक धन्यवाद दिँदै घाईते बालकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

मिति: २०८२ माघ ९ गते
ने.सं. ११४६

चक्रबहादुर बुढा
सहसचिव/प्रवक्ता